## नेपालमा इन्फ्राको एसिया र बुटवल पावर कम्पनीद्धारा जलविद्युत आयोजनाको शिलान्यास

Nepal, 24 March 2017

### नेपालमा इन्फ्राको एसियाको पहिलो जलविद्युत आयोजनाको शिलान्यास सम्पन्न भयो ।

इन्फ्राको एसिया र बुटवल पावर कम्पनीद्धारा पूर्वी नेपालको कावेली नदीमा २०७३ साल चैत्र १० गते एक कार्यक्रम बीच ३७.६ मेघावाटको नदी प्रवाही जलविद्युत आयोजनाको शिलान्यास गरियो । नेपाल सरकारका प्रतिनिधिका साथै वेलायती सरकारका प्रतिनिधि शिलान्यास कार्यक्रममा सहभागी थिए । वेलायती सरकार सगै अष्ट्रेलियन र स्विस सरकारले इन्फ्राको एसिया मार्फत आयोजनामा लगानी सहयोग गरेका छन । इन्फ्राको एसिया पि .आई. डि .जी अर्न्तगत पर्दछ ।

"नेपाललाई नवीकरणीय उर्जा विकास गर्न आवश्यक दक्षता र नेतृत्वदायी लगानी गर्न र बुटवल पावर कम्पनीसँग मिलेर काम गर्न पाउदा हामी खुसी भएका छौ । कावेली ए जलविद्युत आयोजनाको सफल निर्माण र त्यसपछि विकास गरिने अन्य आयोजनाले नेपालमा पूर्वाधार विकासकाका आयोजनाहरुको वित्तीय व्यवस्थापनको नमुना बन्नेछ "एर्लाड नोई प्रमुख कार्यकारी अधिकृत, इन्फाको एसिया ।

इन्फाको एसियाको दक्ष अनुभव र ८० लाख अमेरिकी डलर लगानीको सहयोगले ९ करोड ९५ लाख अमेरिकी डलरको लगानी जुटाई कावेली ए जलविद्युत आयोजना निर्माण शुरु गर्न सम्भव भएको छ । आयोजनालाई चाहिने स्वपूँजी र ऋण, स्थानीय एवं अन्तराष्ट्रिय बजारवाट व्यवस्था गर्न मुख्य भूमिका खेलेको छ । आयोजनामा विश्व बैंक, अन्तराष्ट्रिय वित्त निगम (क्यानेडियन जलवायु परिवर्तन कार्यक्रम सहित), नेपाल जलविद्युत लगानी तथा विकास कम्पनी र एन आई सी एसिया बैंकको ऋण सहयोग छ । इन्फाको एसियाका साथै वुटवल पावर कम्पनी र इन्फाको एसियाको भगिनि संस्था इन्फाको एसिया इन्भेष्टमेन्टको पनि आयोजनामा लगानी हुनेछ । इन्फाको एसिया प्राइभेट इन्फास्टकचर डेभलपमेण्ट ग्रुप (PIDG) अन्तर्गतको संस्था हो । आयोजनाको प्राविधिक पूर्व सम्भाव्यता अध्ययन गर्न र सरकारी निकाय एवम स्थानीय निजी साझेदार कम्पनीको क्षमता अभिबृद्धि गर्न पी. आई .डी. जी अन्तर्गतको प्राविधिक सहयोग कार्यक्रम (Technical Assitance Facility) ले ८७ हजार अमेरिकी डलर अनुदान सहयोग गरेको छ ।

इन्फ्राको एसिया र बुटवल पावर कम्पनीद्धारा सन् २०१२ मा स्थापित संयुक्त उद्यम कम्पनीले कावेली ईनर्जी लिमिटेडको मुख्य स्वपुँजी लगानीकर्ता हो । पञ्चकन्या ग्रुपका श्री प्रदीप कुमार श्रेष्ठले बुटवल पावर कम्पनीलाई प्रतिनिधित्व गर्दै कावेली ईनर्जी लिमिटेडको अध्यक्ष्य हुनुहुन्छ भने श्री शेर सिंह भाट प्रमुख कार्यकारी अधिकृत हुनुहुन्छ ।

बुटवल पावर कम्पनी सँगै इन्फाको एसियाको लागि इक्वीक्याप एसियाले कावेली ए जलविद्युत आयोजनाको व्यवस्थापन गर्दछ ।

"नेपालको बृहत जलविद्युत संभावनाको उपभोग गरी जनतालाई सुलभ र भरपर्दो नविकरणीय उर्जा सहयोग गर्न पाउदा हामी गर्भित छौ ।" विभेक गुप्ता, प्रवन्ध निर्देशक, इक्वीक्याप एसिया

## प्रगति सुचक

कावेली ए जलविद्युत आयोजना सञ्चालनमा आएपछि सुलभ एवं भरपर्दो विद्युत जनतालाई प्रशारण गर्ने नेपालको क्षमता अभिबुद्धि हुनेछ । आयोजनाले बर्षिक २० करोड ५० लाख युनिट विद्युत उत्पादन गर्नेछ । हाल नेपालको जनसंख्याको करिव ४८ प्रतिशत जनतामा मात्र भरपर्दो विद्युतको पहुच छ । १३०० मेघावाट भन्दा बढीको उच्चतम मागलाई ८५० मेघावाट भन्दा पनि कमको जडित क्षमताले धानेको छ । फलस्वरुप, नियमित रुपमा हुने लोडसेडिङले जनजिवन कष्टकर र व्यवसाय चुनौतिपूर्ण भएको छ । विद्युत मागको पुर्ती गर्न नेपालले भारतबाट ४०० मेघावाट विद्युत आयात गरिरहेको छ । कावेली ए जलविद्युत आयोजनाले उर्जाको बढ्दो माग पुर्ती गरी आयातित विद्युत माथिको निर्भरता घटाउन मद्धत गर्नेछ

"यो आयोजना विदेशी र स्थानीय लगानीकर्ता एवम अन्तराष्ट्रिय विकास नियोगहरुको नेपालको विकासमा सहयोग गर्ने सफल सहकार्यको उत्तम उदाहरण हो । यसले अन्य आयोजनाको विकास गर्न नमुनाको रुपमा मार्गदर्शन गर्न सक्छ । " पद्म ज्योति, अध्यक्ष वुटवल पावर कम्पनी.

कावेली ए जलविद्युत आयोजना सञ्चालनमा आएपछि हाल ग्रीडबाट विद्युत उपभोग गरिरहेका १६ लाख जनता र ३ लाख २० हजार घरधुरीले भरपर्दो र सुलभ विद्युत पाउनेछन् । आयोजनाको संचालन पश्चात ६० जनाले नेपालको विकट ग्रामीण क्षेत्रमा दीर्घकालीन रोजगारी पाउनेछन् ।

## आयोजना निर्माण

चीनको Zhejiang Hydropower Construction and Installation Company (ZHCIC) ले सिभिल र हाइड्रो मेकानिकल कामको ठेक्का पाएको छ । फिम्फाङले प्रारम्भिक निर्माण कार्य शुरु गरिसकेको छ । चीनकै Chongqing Water and Turbine Works (CWTW) ले इलेक्ट्रो मेकानिकल कामको ठेक्का पाएको छ ।

## वुटवल पावर कम्पनी

१ वुटवल पावर कम्पनी जलविद्युत आयोजनाहरुको सञ्चालन, संभार, जलविद्युत एवंम पूर्वाधार आयोजनाहरुको इन्जिनियरिङ, विद्युत आयोजनाको हाइड्रोमेकानिकल र इलेक्ट्रोमेकानिकल उपकरणहरुको मर्मत लगायत काम गर्ने विद्युत क्षेत्रको अग्रनी संस्था हो ।

२ सन १९६६ मा स्थापित वुटवल पावर कम्पनीले स्थापनाको ५० वर्ष पार गरिसकेको छ । वुटवल पावर कम्पनील खिम्ती, आँधिखोला, फिमरुक, खुदी जलविद्युत आयोजनाहरु निर्माण गरिसकेको छ भने कावेली ए र न्यादी जलविद्युत आयोजनाहरुको निर्माण प्रारम्भ भएको छ ।

३ नेपाल सरकारको समेत स्वामित्व भएको वुटवल पावर कम्पनी नेपाल स्टक एक्सचेन्जमा सूचीकृत कम्पनी हो ।

## इन्फ्राको एसिया

१ इन्फ्राको एसिया डेभलपमेन्ट प्रा. लि., प्राइभेट इन्फ्राइस्टक्चर डेभलपमेन्ट ग्रुप (PIDG) को व्यवसायिक रुपमा संचालित पुर्वाधार विकास एवम पुर्वाधारमा लगानी गर्ने कम्पनी हो ।

२ इन्फ्राको एसियाको मुख्यालय सिंगापुरमा छ र वृहत रुपमा दक्षिण एसिया र दक्षिण पुर्वी एसियामा निजि क्षेत्र मार्फत पुर्वाधारमा गर्ने लगानी प्रवर्द्धन गर्ने लक्ष्य राख्छ । जोखिमपुर्ण पुर्वाधार विकासका कार्यक्रमहरुमा सामाजिक रुपमा उत्तरदायी भई व्यवसायिक रुपमा प्रतिफल योग्य पुर्वाधारका आयोजनामा स्वपुजी लगानी गर्छ । यस्ता आयोजनाहरुले आर्थिक एवम सामाजिक विकासमा सहयोग गरी गरिवी घटाउन मद्धत गर्दछ । इन्फ्राको एसिया उपयुक्त समयमा, आयोजनामा लगानी प्रत्याभुति भएपछि वा व्यवसायिक उत्पादन सुरु भएपछि, आंशिक वा पुर्ण रुपमा त्यस्ता आयोजनाबाट बाहिरिन्छ । यसरि बाहिरिदा इन्फ्राको एसियाले आफ्नो स्वपुजी समन्धित राष्ट्रको निजि लगानीकर्तालाई विकी गर्छ जस्ले निजि लगानी प्रवर्द्धन गर्न सहयोग गर्दछ ।

३ इन्फ्राको एसियालाई प्राइभेट इन्फ्राइस्टक्चर डेभलपमेन्ट ग्रुप (PIDG) का तीन सदस्यहरु -अस्ट्रेलियन बैदेशिक सहयोग नियोग (DFAT), स्विस सहयोग नियोग (SECO) र बेलायती बैदेशिक सहयोग नियोग (DFID) ले लगानीका लागि सहयोग गरेकाछन ।

## पी. आइ .डी .जी

१ पी .आई. डी. जी ले निजी लगानी मार्फत विकासोन्मुख सव सहारा अफ्रिका, दक्षिण पूर्वी एसिया र दक्षिण एसियामा आर्थिक विकास गरी गरिवी न्यूनिकरण गर्न सहयोग गर्दछ ।

२ सन २०१२ देखि सन २०१५ को बीचमा पी .आई. डी. जी ले १३३ पूर्वाधार विकासका आयोजनाको वित्तीय व्यवस्थापन गर्यो जसमध्ये ५६ आयोजना संचालनमा छन ।

३ बेलायत, स्विजरल्याण्ड, अष्ट्रेलिया, नर्वे, स्विडेन, नेदरल्याण्ड र जर्मनी गरी सात राष्ट्र र विश्व बैंक समुहले सहयोग गरेको पी.आई डी.जी बहुराष्ट्रिय संस्था हो ।